# नेपाल राजपत्र

**श्री ५ को सरकारद्वारा प्रकाशित**

खण्ड ४६) काठमाण्डौं, फागुन १५ गते २०५३ साल (अतिरिक्तांक ५९


## भाग २

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०५३ सालको ऐन नं. ३१

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

१२४६


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## धितोपत्र लगानी कोष (ट्रष्ट) सम्बन्धी व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : मुलुकमा छरिएर रहेको पूंजीलाई एकत्रित गरी पूंजीको परिचालनद्वारा देशको आर्थिक विकास गर्नको निमित्त सर्वसाधारण जनतालाई बचत र लगानी गर्न प्रोत्साहित गरी पूंजी बजारको गतिशिलता बढाउनको लागि धितोपत्र लगानी कोष सञ्चालन व्यवस्थालाई विकसित गरी सक्षम र प्रभावकारी बनाउन एवं कोष योजनाका सहभागीहरुको हित संरक्षण गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको पच्चीसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।

### परिच्छेद–१
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "धितोपत्र लगानी कोष (ट्रष्ट) ऐन, २०५३" रहेकोछ ।

(२) यो ऐन श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "धितोपत्र" भन्नाले धितोपत्र कारोबार ऐन, २०४० को दफा २ को खण्ड (क) बमोजिमको धितोपत्र सम्झनु पर्छ ।

(ख) "लगानी" भन्नाले कुनै संगठित संस्था वा श्री ५ को सरकारले जारी गरेको धितोपत्रमा वा श्री ५ को सरकारको जमानतमा जारी भएको धितोपत्रमा यस ऐन बमोजिम गरिएको लगानी सम्झनु पर्छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) "कोष (ट्रष्ट)" भन्नाले व्यवस्थापक संस्थाले दक्ष लगानी सेवा प्रदान गर्ने उद्देश्यले सञ्चालन गरेको कोष योजनामा सहभागीद्वारा जम्मा गरिएको रकमबाट स्थापना गरेको कोष सम्झनु पर्छ र सो शब्दले त्यस्तो कोषमा जम्मा रहेको रकमबाट आर्जित आय तथा व्यवस्थापक संस्थाले बीज पूंजी (सिड क्यापिटल) को रुपमा वा अन्य कुनै किसिमले कोषमा जम्मा गरेको रकमलाई समेत जनाउँछ ।

(घ) "कोष योजना" भन्नाले सहभागीहरुबाट प्राप्त रकमको दक्ष लगानी सेवा प्रदान गर्ने उद्देश्यले व्यवस्थापक संस्थाले सञ्चालन गरेको एकांक योजना, सहभागी प्रमाणपत्र योजना, सामूहिक बचत योजना, लगानीकर्ता हिसाब योजना वा त्यस्तै किसिमको अन्य योजना सम्झनु पर्छ ।

(ङ) "संगठित संस्था" भन्नाले प्रचलित कानून बमोजिम संस्थापना भएको पब्लिक लिमिटेड कम्पनी सम्झनु पर्छ र सो शब्दले सर्वसाधारणमा शेयर निष्काशन गर्ने गरी प्रचलित कानून बमोजिम स्थापना भएको संगठित संस्थालाई समेत जनाउँछ ।

(च) "व्यवस्थापक संस्था" भन्नाले कोष योजना सञ्चालन गर्न यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त संगठित संस्था सम्झनु पर्छ ।

(छ) "अनुमतिपत्र" भन्नाले संगठित संस्थालाई कोष योजना सञ्चालन गर्न दफा ६ बमोजिम दिइएको अनुमतिपत्र सम्झनु पर्छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ज) "वित्तीय संस्था" भन्नाले वित्तीय कारोबार गर्न प्रचलित कानून बमोजिम स्थापना भएको बैंक, वित्त कम्पनी वा त्यस्तै प्रकारको अन्य संगठित संस्था सम्झनु पर्छ।"

(झ) "ट्रष्टी" भन्नाले कोष योजना सञ्चालन गर्न व्यवस्थापक संस्थासंग सम्झौता गरी त्यस्तो कोष योजना सञ्चालन सम्बन्धी जिम्मेवारी लिने वित्तीय संस्था सम्झनु पर्छ।

(ञ) "सहभागी" भन्नाले व्यवस्थापक संस्थाले सञ्चालन गरेको कोष योजनामा रकम लगानी गर्ने व्यक्ति वा संस्था सम्झनु पर्छ।

(ट) "सहभागिता प्रमाणपत्र" भन्नाले व्यवस्थापक संस्थाले सहभागीलाई दफा १२ बमोजिम दिएको प्रमाणपत्र सम्झनु पर्छ।

(ठ) "कोष सम्पत्ति" भन्नाले यस ऐन बमोजिम सञ्चालित कोष योजनाको निमित्त जम्मा भएको कोष रकमको परिचालनबाट प्राप्त सम्पत्ति सम्झनु पर्छ।

(ड) "बोर्ड" भन्नाले धितोपत्र कारोबार ऐन, २०४० को दफा ३ बमोजिम स्थापित धितोपत्र बोर्ड सम्झनु पर्छ।

(ढ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम वा विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

१२५०



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद-२

## अनुमतिपत्र सम्बन्धी व्यवस्था

३. **अनुमतिपत्र प्राप्त नगरी कोष योजना सञ्चालन गर्न नहुने :** यस ऐन बमोजिम बोर्डबाट अनुमतिपत्र प्राप्त नगरी कसैले पनि कोष योजना सञ्चालन गर्न पाउने छैन ।

४. **संगठित संस्था बाहेक अरुलाई अनुमतिपत्र नदिइने :** संगठित संस्था बाहेक अरु कसैलाई कोष योजना सञ्चालन गर्न अनुमतिपत्र दिइने छैन ।

५. **अनुमतिपत्र लिन निवेदन दिनु पर्ने :** (१) कोष योजना सञ्चालन गर्न चाहने संगठित संस्थाले अनुमतिपत्र लिनको लागि तोकिएको ढाँचामा तोकिएको दस्तुर संलग्न राखी बोर्ड समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्रको लागि निवेदन दिने संगठित संस्थाको चुक्ता पूँजी कम्तीमा एक करोड रुपैयाँ हुनु पर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि संगठित संस्थाले सञ्चालन गर्ने कोष योजनाको संख्या र रकमको आधारमा बोर्डले त्यस्तो संगठित संस्थाको चुक्ता पूँजी एक करोड रुपैयाँ भन्दा बढी हुनु पर्ने गरी तोकिदिन सक्नेछ ।

(४) उपदफा (१) बमोजिमको निवेदन साथ संगठित संस्थाले देहायका विवरण तथा कागजातहरु समेत संलग्न गर्न पर्नेछ :-

९२२९



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) प्रबन्धपत्र तथा नियमावली र दर्ता सम्बन्धी प्रमाणपत्र ।

(ख) कुनै विशेष ऐन बमोजिम स्थापना भएको संगठित संस्था भएमा त्यस्तो ऐन र सो ऐन अन्तर्गत बनेको नियम तथा विनियमहरु ।

(ग) चुक्ता पूँजी बापतको रकम बैंकमा दाखिला गरेको प्रमाणपत्र ।

(घ) संस्थापक, सञ्चालक तथा अधिकृत कर्मचारीहरुको नाम र ठेगाना ।

(ङ) कोष योजना सञ्चालन सम्बन्धी व्यावसायिक योजना तथा कार्यक्रम ।

(च) तोकिए बमोजिमको अन्य विवरण तथा कागजातहरु ।

६. <u>अनुमतिपत्र दिन पर्ने</u> : (१) दफा ५ बमोजिम निवेदन प्राप्त भएपछि बोर्डले आवश्यक जाँचबुझ गरी उपयुक्त देखेमा निवेदन दिने संगठित संस्थालाई कोष योजना सञ्चालन गर्न तोकिए बमोजिमको ढाँचामा अनुमतिपत्र दिनेछ ।

(२) उपदफा (१) बमोजिम जाँचबुझ गर्दा बोर्डले आवश्यक देखेमा निवेदनसाथ संलग्न विवरण तथा कागजातहरुमा हेरफेर वा थपघट गराउन वा थप विवरण तथा कागजातहरु माग गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम अनुमतिपत्र दिंदा बोर्डले प्रस्तावित लगानीको क्षेत्र, पूंजी बजारको स्थिति र कोष



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

योजना दक्ष व्यवस्थापन सेवा सम्बन्धी कुरा तथा कोष योजनाको संख्या र रकम समेतलाई ध्यानमा राखी कोष योजना सञ्चालन गर्ने व्यवस्थापक संस्था वा त्यसको सञ्चालक र अधिकृत कर्मचारीहरुले पालन गर्नु पर्ने शर्तहरु समेत तोकिदिन सक्नेछ ।

(४) उपदफा (१) बमोजिम कोष योजना सञ्चालन गर्ने अनुमतिपत्र प्राप्त गरेको संगठित संस्थाले त्यस्तो अनुमतिपत्र प्राप्त गरेको मितिले ६ महिनाभित्र कोष योजना सञ्चालन गरी त्यसको जानकारी बोर्डलाई दिनु पर्नेछ ।

७. <u>विदेशी संगठित संस्थालाई अनुमतिपत्र दिन सकिने</u> : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बोर्डले श्री ५ को सरकारको स्वीकृति लिई कुनै विदेशी संगठित संस्थालाई यस ऐन बमोजिम कोष योजना सञ्चालन गर्ने अनुमतिपत्र दिन सक्नेछ ।

(२) विदेशी संगठित संस्थालाई अनुमतिपत्र दिने सम्बन्धमा अपनाउनु पर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

८. <u>अनुमतिपत्र रद्द हुने</u> : (१) कुनै व्यवस्थापक संस्थाले दफा ६ को उपदफा (४) मा उल्लिखित म्याद भित्र कोष योजना सञ्चालन गर्न नसकेमा त्यस्तो व्यवस्थापक संस्थाले प्राप्त गरेको अनुमतिपत्र स्वतः रद्द हुनेछ ।

(२) कुनै व्यवस्थापक संस्थाले दफा ६ को उपदफा (३) वा दफा ११ को उपदफा (४) बमोजिम बोर्डले तोकिदिएको शर्त पालन नगरेमा वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम अन्तर्गत जारी गरिएको आदेश वा निर्देशनको पालना

१२५३



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नगरेमा बोर्डले त्यस्तो व्यवस्थापक संस्थाले प्राप्त गरेको अनुमतिपत्र रद्द गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम बोर्डले अनुमतिपत्र रद्द गर्नु अघि सम्बन्धित व्यवस्थापक संस्थालाई आफ्नो स्पष्टीकरण पेश गर्न मनासिब मौका दिनु पर्नेछ ।

## परिच्छेद-३
## कोष योजना र सहभागिता प्रमाणपत्र सम्बन्धी

९. कोष योजनाको सञ्चालन : (१) व्यवस्थापक संस्थाले बचतकर्ता र लगानीकर्ताहरुको आवश्यकता र हितलाई ध्यानमा राखी तोकिए बमोजिम एउटै वा छुट्टा छुट्टै किसिम र नामबाट कोष योजना सञ्चालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम व्यवस्थापक संस्थाले कोष योजना सञ्चालन गर्नु अघि ट्रष्टीसंग तोकिए बमोजिम ट्रष्ट सम्बन्धी सम्झौता गर्नु पर्नेछ ।

१०. कोष योजना दर्ता गराउनु पर्ने : (१) व्यवस्थापक संस्थाले आफूले सञ्चालन गर्ने कोष योजना सञ्चालन गर्नु अघि त्यस्तो कोष योजना बोर्डमा दर्ता गराउन तोकिए बमोजिमको ढाँचामा तोकिएको दस्तुर संलग्न राखी बोर्ड समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कोष योजना दर्ता गराउन व्यवस्थापक संस्थाले निवेदन दिंदा उक्त निवेदनमा देहायका विवरणहरु खुलाउनु पर्नेछ :-

९२५८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) कोष योजना निश्चित अवधिका लागि खुल्ला रहने वा सधैँ खुल्ला रहने,

(ख) लक्षित समूह,

(ग) जारी गर्ने सहभागिता प्रमाणपत्रको संख्या र मूल्य,

(घ) परिचालन गरिने लक्षित रकम,

(ङ) कोष योजनाबाट प्राप्त रकम लगानी गर्ने क्षेत्र,

(च) ब्याज, मुनाफा वा प्रतिफल बाँड्ने तरिका,

(छ) योजना अन्तर्गत प्राप्त सम्पत्ति मूल्याङ्कन गर्ने तरिका,

(ज) लगानी जोखिम सन्तुलन गर्न गरिएको व्यवस्था,

(झ) कोष योजना अन्तर्गत जारी गरिएको सहभागिता प्रमाणपत्रको खरिद बिक्री वा कारोबार सम्वन्धी व्यवस्था,

(ञ) बोर्डले तोकिदिएका अन्य कुराहरु ।

११. <u>कोष योजना दर्ता र सहभागिता प्रमाणपत्र जारी गर्ने स्वीकृति</u> : (१) दफा १० बमोजिम निवेदन प्राप्त भएपछि बोर्डले आवश्यक जाँचबुझ गरी उपयुक्त देखेमा कोष योजना दर्ता गर्नेछ ।

९२२२



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिम कोष योजना दर्ता गर्ने सम्बन्धमा जाँचबुझ गर्दा कुनै सूचना, तथ्याङ्क, विवरण वा जानकारी वा कागजात आवश्यक देखिएमा बोर्डले सम्बन्धित व्यवस्थापक संस्थासंग त्यस्तो सूचना, तथ्याङ्क, विवरण वा कागजात माग गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम कोष योजना दर्ता गरेपछि बोर्डले कोष योजनाका सहभागीहरुलाई सहभागिता प्रमाणपत्र समेत दिने गरी स्वीकृति प्रदान गर्नेछ ।

(४) उपदफा (३) बमोजिम स्वीकृति दिंदा बोर्डले सहभागिता प्रमाणपत्रको न्यूनतम अंकित मूल्य, व्यवस्थापक संस्थाले सहभागिता प्रमाणपत्र जारी गर्दा पालन गर्नु पर्ने शर्त र सहभागिता प्रमाणपत्रको ढाँचा समेत तोकिदिन सक्नेछ ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यवस्थापक संस्थाले विदेशमा बसोबास गर्ने नेपाली वा विदेशी बचतकर्ताहरुलाई लक्षित गरी सञ्चालन गरेको कोष योजना दर्ता गर्नु अघि बोर्डले श्री ५ को सरकारको स्वीकृति लिनु पर्नेछ ।

१२. <u>सहभागिता प्रमाणपत्र</u> : (१) यस ऐन बमोजिम सञ्चालित कोष योजनामा रकम लगानी गर्ने सहभागीलाई निजले कोष योजनामा रकम जम्मा गरेको प्रमाण स्वरुप व्यवस्थापक संस्थाले सहभागिता प्रमाणपत्र दिनु पर्नेछ ।

(२) सहभागिता प्रमाणपत्रमा कोष योजनाको नाम, त्यस्तो प्रमाणपत्रको इकाई, मूल्य, संख्या र रकम समेत उल्लेख गर्नु पर्नेछ ।

१२५६



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) सहभागिता प्रमाणपत्र विनिमय वा हस्तान्तरण योग्य हुनु पर्नेछ ।

(४) सहभागीले प्राप्त गरेको सहभागिता प्रमाणपत्रको अंकित मूल्यको अनुपातमा कोष योजना अन्तर्गतको कोष सम्पत्तिमा सबै सहभागीहरुको बराबर हक हुनेछ ।

(५) व्यवस्थापक संस्थाले सहभागिता प्रमाणपत्र वितरण गर्नु अघि ट्रष्टीको सहमति लिनु पर्नेछ ।

(६) सहभागिता प्रमाणपत्रको किसिम, ढाँचा, विभाजन, एकीकरण तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१३. सहभागीहरुको लगत : (१) दफा १२ बमोजिम सहभागिता प्रमाणपत्र प्राप्त गर्ने सहभागीहरुको लगत ट्रष्टीले राख्नु पर्नेछ र त्यस्तो लगतमा देहायका विवरणहरु समेत खुलाइएको हुनु पर्नेछ :-

(क) सहभागीको नाम, थर र ठेगाना ।

(ख) सहभागिता प्रमाणपत्र संख्या र जम्मा रकम ।

(ग) जारी गरिएको सहभागिता प्रमाणपत्रको नम्बर ।

(घ) अन्य आवश्यक कुराहरु ।

(२) प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीस दिनभित्र ट्रष्टीले आर्थिक वर्षको अन्तमा कायम रहेका सहभागीहरुको लगत बोर्ड समक्ष पेश गर्नु पर्नेछ ।

१२८८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१४. <u>सहभागिता प्रमाणपत्रको हस्तान्तरण र दाखिल खारेज</u> : (१) यस ऐन अन्तर्गत सञ्चालित कोष योजनाको सहभागीले प्राप्त गरेको सहभागिता प्रमाणपत्र चल सम्पत्ति सरह धितोबन्धक राख्न वा हक हस्तान्तरण गर्न सक्नेछ ।

(२) कुनै सहभागीले आफूले प्राप्त गरेको सहभागिता प्रमाणपत्र बिक्री गरेमा वा अन्य कुनै किसिमले हक छाडी दिएमा वा कुनै सहभागीको मृत्यु भएको कारणले वा अन्य कुनै कारणले प्रचलित कानून बमोजिम सहभागिता प्रमाणपत्र माथि कसैको हक प्राप्त भएमा त्यसरी हक प्राप्त गर्ने व्यक्तिले त्यस्तो प्रमाणपत्र आफ्नो नाममा दाखिल खारेज वा नामसारी गराउन सम्बन्धित व्यवस्थापक संस्था समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन दिंदा हक प्राप्त भएको लिखत वा प्रमाण र सहभागिता प्रमाणपत्रको सक्कल समेत संलग्न गर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएपछि व्यवस्थापक संस्थाले साबिकवालाको नाम काटी हालवालाको नाम सहभागीको रुपमा दर्ता गरी दिनु पर्नेछ । सहभागिता प्रमाणपत्र माथिको हक सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा अधिकार प्राप्त अदालतबाट अन्तिम निर्णय भई आएपछि सोही बमोजिम गर्नु पर्नेछ ।

(५) सहभागिता प्रमाणपत्र दाखिल खारेज भएपछि व्यवस्थापक संस्थाले त्यसको सूचना तीन दिन भित्र ट्रष्टीलाई दिनु पर्नेछ ।

१२५८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद-४
## व्यवस्थापक संस्था र ट्रष्टी सम्बन्धी

१५. व्यवस्थापक संस्था र ट्रष्टी बीच सम्झौता हुनु पर्ने : (१) कोष योजनाको सञ्चालन र व्यवस्थापनको लागि कोष योजना सञ्चालन गर्नु अघि व्यवस्थापक संस्था र ट्रष्टी बीच सम्झौता हुनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सम्झौता गर्ने व्यवस्थापक संस्था र ट्रष्टी तथा तिनीहरुको सञ्चालकहरुको बीचमा निजी स्वार्थ कायम भएको हुनु हुँदैन ।

(३) उपदफा (१) बमोजिम गरिने सम्झौतामा देहाय बमोजिमको कुराहरु स्पष्ट रुपमा खुलाइएको हुनु पर्नेछ :-

(क) व्यवस्थापक संस्था र ट्रष्टीको नाम, ठेगाना र तिनीहरुले तत्काल गरिरहेका कामहरु सम्बन्धी छोटकरी विवरण ।

(ख) कोष योजना अन्तर्गत परिचालन हुने अधिकतम रकम र त्यसलाई सहभागिता प्रमाणपत्रमा विभाजन गरिएको संख्या र मूल्य,

(ग) सहभागिता प्रमाणपत्रको खरिद बिक्री सम्बन्धी व्यवस्था,

(घ) सहभागीहरुलाई प्रतिफल बाँड्ने समय, तरिका र कार्यविधि,

१२२९



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) कोष योजना अन्तर्गत कोषको लगानीबाट आर्जित सम्पत्ति तथा मुनाफाको मूल्यांकन गर्ने तरिका तथा सहभागिता प्रमाणपत्र खरिद, बिक्रीको लागि मूल्य निर्धारण गर्ने व्यवस्था,

(च) सहभागिता प्रमाणपत्रको खरिद बिक्री मूल्य निर्धारण गरेको सूचना दिने तरिका,

(छ) ट्रष्टीसंगको सम्झौतालाई संशोधन वा खारेज गर्नु परेमा अवलम्बन गर्ने कार्यविधि,

(ज) कोष योजना सधैं सञ्चालन हुने हो वा निश्चित समय पछि बन्द हुने हो सो कुरा,

(झ) कोष योजना सधैं खुल्ला रहने भएमा कस्तो अवस्थामा त्यस्तो कोष योजना खारेज वा सहभागिता प्रमाणघत्र पूरा खरिद गरी कोष योजना बन्द गरिने हो तत्सम्बन्धी कुरा,

(ञ) अन्य आवश्यक कुराहरु ।

१६. सम्झौता दर्ता गर्नु पर्ने : (१) दफा १५ बमोजिम व्यवस्थापक संस्था र ट्रष्टी बीच भएको सम्झौता तोकिए बमोजिम बोर्डमा दर्ता गराउनु पर्नेछ ।

१२६०



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिम सम्झौता दर्ता गराउन व्यवस्थापक संस्था र ट्रष्टीले बोर्ड समक्ष बोर्डले तोकिदिएको ढाँचामा संयुक्त निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन पर्न आएमा बोर्डले आवश्यक जाँचबुझ गरी उपयुक्त देखेमा सम्झौता दर्ता गरी त्यसको जानकारी सम्बन्धित व्यवस्थापक संस्था र ट्रष्टीलाई दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम बोर्डले जाँचबुझ गर्दा सम्झौतामा कुनै कुरा थपघट, संशोधन वा परिवर्तन गर्नु पर्ने देखेमा सो बमोजिम थपघट, संशोधन वा परिवर्तन गराएर बोर्डले सम्झौता दर्ता गर्न सक्नेछ ।

१७. <u>सम्झौता संशोधन वा खारेज</u> : (१) दफा १६ बमोजिम दर्ता भएको सम्झौतामा कुनै संशोधन गर्नु पर्ने भएमा वा त्यस्तो सम्झौता खारेज गर्नु पर्ने भएमा त्यसरी संशोधन वा खारेज गर्नु परेको कारण सहित व्यवस्थापक संस्था र ट्रष्टीले बोर्ड समक्ष संयुक्त निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि बोर्डले आवश्यक जाँचबुझ गरी उपयुक्त देखेमा त्यस्तो सम्झौता संशोधन वा खारेज गर्न स्वीकृति प्रदान गर्नेछ ।

(३) उपदफा (२) बमोजिम व्यवस्थापक संस्था र ट्रष्टी बीच भएको सम्झौता खारेज भएमा बोर्डले व्यवस्थापक संस्थालाई अर्को ट्रष्टीसित सम्झौता गर्न लगाई त्यस्तो कोष योजना सञ्चालन गर्न लगाउने व्यवस्था गर्नु पर्नेछ ।

१२६१



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) उपदफा (३) बमोजिम अर्को ट्रष्टीसित सम्झौता हुन नसक्ने भई कोष योजना बन्द गर्नु पर्ने भएमा व्यवस्थापक संस्थाले कोष योजनामा जम्मा रहेको रकम सम्बन्धित सहभागीहरुलाई समानुपातिक रुपमा बाँडफाँड गर्नु पर्नेछ ।

(५) उपदफा (३) बमोजिम अर्को ट्रष्टीसित सम्झौता गरी कोष योजना सञ्चालन गर्नु पर्ने भएमा व्यवस्थापक संस्थाले सो कुराको जानकारी सम्बन्धित सहभागीहरुलाई दिनु पर्नेछ ।

१८. ट्रष्टीको काम र कर्तव्य : (१) ट्रष्टीले यस ऐन बमोजिम व्यवस्थापक संस्था र सहभागी बीचमा रही सहभागीहरुको हित र सुरक्षाको लागि सम्झौतामा उल्लेख भए बमोजिमको काम गर्नेछ ।

(२) उपदफा (१) बमोजिम ट्रष्टीले काम गर्दा व्यवस्थापक संस्थाले प्रत्यायोजन गरेको अधिकार र दिएको निर्देशन बमोजिम काम गर्ने गरी कोष सम्पत्तिको जिम्मा लिनेछ र सम्झौतामा उल्लेख भए अनुसार कोष योजनाको परिचालन गर्नेछ ।

१९. व्यवस्थापक संस्थाले पूर्व स्वीकृति लिनु पर्ने : व्यवस्थापक संस्थाले देहायका कामहरु गर्दा बोर्डको पूर्व स्वीकृति लिनु पर्नेछ :-

(क) आफ्नो प्रबन्धपत्र वा नियमावलीमा संशोधन गर्नु पर्ने भएमा वा ऐन नियम अन्तर्गत गठित संस्था भए आफ्नो नियम वा विनियममा संशोधन गर्नु पर्ने भएमा,

१२६२



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) आफ्नो उद्देश्य परिवर्तन गर्ने वा खारेज गर्ने भएमा,

(ग) आफूले गरिरहेको व्यवसाय परिवर्तन गर्ने भएमा ।

२०. <u>जानकारी दिनु पर्ने</u> : व्यवस्थापक संस्था तथा ट्रष्टीले देहाय बमोजिमको जानकारी बोर्डलाई दिनु पर्नेछ :-

(क) आफ्नो मूल कार्यालय सारेको, नयाँ शाखा, उपशाखा खोलेको वा फ्याक्स तथा टेलिफोन नम्बर परिवर्तन भएको,

(ख) आफ्नो व्यवस्थापनमा रहेका अधिकृतहरुको हेरफेर भएको वा नयाँ नियुक्ति भएको,

(ग) बोर्डले उचित र आवश्यक सम्झी मागेको सूचना वा जानकारीहरु ।

२१. <u>कोष योजनाको लगानी सम्बन्धी व्यवस्था</u> : (१) व्यवस्थापक संस्थाले कोष योजनामा रहेको रकमलाई धितोपत्र बजारमा सूचीकरण गरिएको संगठित संस्थाको धितोपत्र वा सरकारी ऋणपत्रमा लगानी गर्नु पर्नेछ ।

तर लगानीको सुरक्षा एवं प्रतिफल समेत विचार गरी तोकिएको सीमा वा अनुपातसम्म कुनै संगठित संस्थालाई समयकालीन ऋण वा अरुसंग मिली संयुक्त ऋण लगानी गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिम लगानी गर्दा व्यवस्थापक संस्थाले सहभागिता प्रमाणपत्र खरिद बिक्रीका लागि आवश्यक तरलता राखी लगानी गर्नु पर्नेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि व्यवस्थापक संस्थाले कोषको लगानी व्यवस्थापन गर्दा कुल कोष सम्पत्तिको दश प्रतिशत वा लगानी गरिने संगठित संस्थाको चुक्ता पूँजीको दश प्रतिशतमध्ये जुन घटी हुन्छ त्यतिमा नबढ्ने गरी एउटै संगठित संस्थाको धितोपत्रमा लगानी गर्नु हुँदैन ।

तर अरुसंग मिली संयुक्त रुपमा ऋण लगानी गर्ने भएमा कोषको सम्पत्तिको पन्ध्र प्रतिशत वा लगानी गरिने संगठित संस्थाको चुक्ता पूँजीको पन्ध्र प्रतिशतमध्ये जुन घटी हुन्छ त्यतिसम्म ऋण लगानी गर्न सकिनेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (३) बमोजिमको सीमाभित्र रही नयाँ निष्काशन भएको शेयर सूचीकरण नभएको भए तापनि खरिद गर्न सकिनेछ ।

(५) कोषको रकम लगानी गर्दा व्यवस्थापक संस्थाले आफ्नो सञ्चालकहरुको निजी स्वार्थ रहेको वा त्यस्ता सञ्चालकहरु सञ्चालक वा कर्मचारी रहेको संगठित संस्थाको शेयरमा लगानी गर्न पाइने छैन ।

२२. धितोपत्रको प्रत्याभूति : व्यवस्थापक संस्थाले कुनै संगठित संस्थाले जारी गरेको शेयरको प्रत्याभूति गर्न सक्ने अधिकतम सीमा तोकिए बमोजिम हुनेछ ।



१२६४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२३. व्यवस्थापक संस्थाले एक भन्दा बढी कार्य गर्न नहुने : (१) व्यवस्थापक संस्थाले धितोपत्र लगानी कोषको सञ्चालन र व्यवस्थापन तथा त्यस्तो योजनाको सहभागीहरुको हित सम्बन्धी व्यवसाय बाहेक अन्य कार्य गर्न पाउने छैन ।

तर धितोपत्र सम्बन्धी व्यवसाय र लगानी सम्बन्धी परामर्श सेवा प्रदान गर्न यस दफाले बाधा पुऱ्याएको मानिने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै वित्तीय संस्थाले यस ऐन बमोजिम कोष योजना सञ्चालन गर्ने भएमा त्यस्तो वित्तीय संस्थालाई अरु काम पनि गर्न पाउने गरी बोर्डले छुट दिन सक्नेछ ।

२४. प्रतिवेदन पेश गर्नु पर्ने : (१) व्यवस्थापक संस्थाले आफूले सञ्चालन गरेको योजना सम्बन्धी विस्तृत विवरण सहितको लगानी कोष सम्बन्धी वार्षिक प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र बोर्ड समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश गरिने वार्षिक प्रतिवेदन साथ लेखापरीक्षण गरिएको आय व्यय विवरण तथा वासलात समेत संलग्न हुनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम पेश गरिने वार्षिक प्रतिवेदनको अतिरिक्त व्यवस्थापक संस्थाले प्रत्येक तीन तीन महिनामा भएको त्रैमासिक कामको विवरण र आय व्यय विवरण चौथो महिनाको पन्ध्र दिन भित्र बोर्ड समक्ष पेश गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको समयावधि भित्र वार्षिक प्रतिवेदन पेश गर्न नसक्ने व्यवस्थापक संस्थाले म्याद समाप्त



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हुनु अगावै कारण सहित म्याद थपको लागि बोर्डमा लेखी पठाउनु पर्नेछ र त्यसरी लेखी आएमा बोर्डले बढीमा तीन महिना सम्म म्याद थप गरी दिन सक्नेछ ।

२५. लेखा र लेखापरीक्षण : (१) व्यवस्थापक संस्थाले योजनाको लेखा तोकिए बमोजिम राख्नु पर्नेछ ।

(२) एक भन्दा बढी योजना सञ्चालन गर्ने व्यवस्थापक संस्थाले प्रत्येक योजनाको हिसाब किताब छुट्टा छुट्टै राख्नु पर्नेछ ।

(३) योजनाको लेखापरीक्षण मान्यता प्राप्त लेखापरीक्षकबाट गराउनु पर्नेछ र लेखापरीक्षण गर्ने तरिका र स्तर तोकिए बमोजिम हुनेछ ।

(४) सहभागीहरुले योजनाको हिसाब किताब हेर्न चाहेमा त्यस्तो हिसाब हेर्न सक्ने व्यवस्था व्यवस्थापक संस्थाले मिलाई राख्नु पर्नेछ ।

२६. सहभागिता प्रमाणपत्रको मूल्य सार्वजनिक गरिनु पर्ने : (१) व्यवस्थापक संस्थाले कुनै योजनाको सम्झौतामा उल्लेख गरिए अनुसार समय समयमा सहभागिता प्रमाणपत्रको मूल्य तोकी प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मूल्य हिसाब गर्दा अपनाउने कार्यविधि सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

२७. व्यवस्थापक संस्था वा ट्रष्टीले कोष सम्पत्ति उपयोग गर्न नहुने : व्यवस्थापक संस्था वा ट्रष्टीले आफ्नो जिम्मामा रहेको कोष वा कोषको कुनै सम्पत्तिबाट योजना सम्बन्धी सम्झौता

१२६६



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

बमोजिमको खर्च र अन्य शुल्क बापतको रकम सम्झौता अनुसार कट्टी गर्ने कार्यमा बाहेक आफ्नो प्रयोजनको निमित्त उपयोग गर्न पाउने छैन ।

२८. कोष योजनाको हस्तान्तरण : (१) यस ऐन बमोजिम कोष योजना सञ्चालन गर्ने व्यवस्थापक संस्था विघटन भएमा वा कोष योजना सञ्चालन गर्न असक्षम भएमा बोर्डले त्यस्तो व्यवस्थापक संस्थाले सञ्चालन गरेको कोष योजना सञ्चालन गर्न अन्य व्यवस्थापक संस्था र ट्रष्टीलाई हस्तान्तरण गर्नेछ ।

(२) उपदफा (१) बमोजिम अन्य व्यवस्थापक संस्था र ट्रष्टीलाई कोष योजना सञ्चालन गर्न हस्तान्तरण गरिएको कुरा सर्वसाधारण र सम्बन्धित सहभागीहरुको जानकारीको निमित्त बोर्डले सार्वजनिक गर्नु पर्नेछ ।

२९. सहभागिता प्रमाणपत्र खरिद बिक्री : (१) सहभागीहरुले सहभागिता प्रमाणपत्रहरु बिक्री गर्न चाहेमा बिक्री गर्न सक्ने गरी व्यवस्थापक संस्थाले आवश्यक व्यवस्था गरिदिनु पर्नेछ ।

(२) सधैँ बिक्री खुल्ला रहने योजनाको सहभागिता प्रमाणपत्रहरुको सम्बन्धमा त्यस्ता प्रमाणपत्रहरु सजिलै खरिद बिक्री एवं दाखिल खारेज समेत हुने गरी व्यवस्थापक संस्थाले आवश्यक व्यवस्था गरिदिनु पर्नेछ ।

३०. मुनाफा र प्रतिफलको वितरण र जगेडा कोष : (१) व्यवस्थापक संस्थाले सहभागीहरुलाई कम्तीमा वर्षको एक पटक आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र सम्बन्धित योजनाको सम्झौता र कारोबारको नतिजाको आधारमा मुनाफा वा प्रतिफल बाँड्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मुनाफा वा प्रतिफल बाँड्दा अपनाउने कार्यविधि सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) सम्बन्धित योजनाको सञ्चालनबाट भएको मुनाफा मध्येबाट व्यवस्थापक संस्थाले जगेडा कोष खडा गरी राख्न सक्नेछ । त्यस्तो जगेडा कोष खर्च गर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(४) सम्बन्धित योजनाका सहभागीहरुको पूँजीको सुरक्षा र प्रतिफल वितरण कार्यलाई नियमित र गतिशील बनाउने उद्देश्यले बोर्डले आवश्यक ठानेमा व्यवस्थापक संस्थालाई उपदफा (३) बमोजिमको जगेडा कोष खडा गर्न निर्देशन समेत दिन सक्नेछ ।

## परिच्छेद-५
## कोष सम्बन्धी विशेष व्यवस्था

३१. कोष सम्पत्तिको सुरक्षा : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि व्यवस्थापक संस्थाले कोष सम्पत्तिबाट कर्जा दिएको वा लगानी गरेको संगठित संस्था विघटन भएमा त्यस्तो संगठित संस्थाको जायजेथामा सबभन्दा पहिलो हक दाबी सम्बन्धित कोष योजनाको हुनेछ ।

३२. शर्तहरु राख्ने अधिकार : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कोष सम्पत्तिबाट ऋण लगानी गर्दा कोष सम्पत्तिको सुरक्षाको लागि शर्तहरु तोक्न र ऋण अवधि जतिसुकै राखी लिखत गराउन सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको शर्त उल्लंघन गरेमा सम्बन्धित ऋणी संस्थाको सम्पत्ति वा जमानत दिइएको सम्पत्ति कब्जा गरी तुरुन्त ऋण असुल उपर गर्न सकिनेछ ।

१२६८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३३. **विशेष छुट** : (१) कोष सम्पत्तिबाट ऋण लगानी गर्दा बीस लाख सम्मको ऋण लगानीको लिखत पारित गर्न आवश्यक पर्ने छैन ।

(२) कोष सम्पत्तिबाट ऋण लिने ऋणी वा जमानीसंग लिखत गराई लिंदा वा धितो लिएको सम्पत्ति बिक्री गर्दा त्यस्तो कारोबारमा आय टिकट वा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

(३) लिखत गराई लिएको धितो वा जमानत लिएको जायजेथाबाट कोष सम्पत्तिबाट दिइएको ऋणको सम्पूर्ण रकम असुल उपर हुन नसकेमा प्रचलित कानून बमोजिम ऋणीको अन्य सम्पत्तिबाट त्यस्तो बाँकी रकम असुल उपर गर्न सकिनेछ ।

(४) कोष सम्पत्तिबाट ऋण लगानी गर्दा लिखत गराई धितो लिएको लिखतमा उल्लेख भएको शर्त बमोजिमको म्याद भित्र धितो कब्जा गर्ने वा ऋण असुल गर्ने कारबाही नगरेको कारणले मात्र धितो माथिको अधिकार समाप्त हुने छैन ।

(५) कोष सम्पत्तिबाट ऋण लगानी गर्दाको लिखतमा उल्लिखित शर्त बमोजिम धितो कब्जा गरेको वा अन्य व्यवस्था गरी धितो प्रयोग गरेको कारणले मात्र धितो बिक्री गरी ऋण असुली गर्ने अधिकारमा प्रतिकूल असर परेको मानिने छैन ।

१२६९



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद-६

## विविध

३४. बोर्डले निर्देशन दिन सक्ने : बोर्डले व्यवस्थापक संस्था तथा ट्रष्टीलाई समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशन पालन गर्नु सम्बन्धित व्यवस्थापक संस्था र ट्रष्टीको कर्तव्य हुनेछ ।

३५. निरीक्षण तथा जाँचबुझ : (१) बोर्डले सहभागीहरुको हित र कोषको संरक्षणको दृष्टिबाट आवश्यक देखेमा व्यवस्थापक संस्था वा ट्रष्टीको कोष योजना सम्बन्धी कारोबार, कोष सम्पत्तिको अवस्था, तत्सम्बन्धी हिसाब किताब र अन्य कुराहरुको निरीक्षण तथा जाँचबुझ गर्न वा गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निरीक्षण गर्ने अधिकारीले मागेको हरहिसाब, खाता, कागजात र व्यवस्थापक संस्था वा ट्रष्टी सम्बन्धी आवश्यक सूचना दिनु व्यवस्थापक संस्था र ट्रष्टीको सम्बन्धित सबै पदाधिकारीहरुको कर्तव्य हुनेछ ।

(३) उपदफा (१) बमोजिम निरीक्षणको फलस्वरुप आवश्यक देखेका कुराहरुको सम्बन्धमा बोर्डले आवश्यक निर्देशन दिन सक्नेछ ।

३६. श्री ५ को सरकारले निर्देशन दिन सक्ने : श्री ५ को सरकारले लगानीकर्ताको हित र पूँजी बजारको स्थितिलाई ध्यानमा राखी बोर्ड, व्यवस्थापक संस्था र ट्रष्टीलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु बोर्ड, सम्बन्धित व्यवस्थापक संस्था र ट्रष्टीको कर्तब्य हुनेछ ।

३७. दण्ड सजाय : (१) कसैले जानी जानी यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा सो अन्तर्गतको आदेश वा निर्देशन



१२६० आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसार पेश गर्नु पर्ने कागजात वा विवरण पेश नगरेमा वा झुट्टा कागजात वा विवरण पेश गरेमा निजलाई बोर्डले दश हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

(२) कुनै व्यवस्थापक संस्था वा ट्रष्टीसंग सम्बद्ध व्यक्ति, प्रतिनिधि, कर्मचारी वा सञ्चालक समितिका सदस्यहरुले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा सो अन्तर्गत जारी गरिएको कुनै आदेश वा निर्देशन जानी जानी उल्लंघन गरेमा वा आफूले गर्नु पर्ने काम नगरेमा वा गर्न नहुने काम गरेमा बोर्डले निजलाई पच्चीस हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ र त्यस्तो कसूर पटक पटक गरेमा प्रत्येक पटकको लागि एक हजार रुपैयाँका दरले थप जरिबाना गर्न सक्नेछ ।

(३) कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको उल्लंघन गरेमा निजलाई पच्चीस हजार रुपैयाँसम्म जरिबाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

(४) कसैले जानी जानी यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा सो अन्तर्गत जारी गरिएको आदेश वा निर्देशनको बर्खिलाप काम गरी सम्वन्धित योजनाका सहभागी वा अन्य कसैलाई हानी नोक्सानी पुऱ्याएमा वा पुऱ्याउने उद्योग गरेमा नोक्सानी बिगो असुल गरी निजलाई बिगो बमोजिम जरिवाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

३८. <u>पुनरावेदन</u> : यस ऐन बमोजिम बोर्डले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्ति वा संगठित संस्थाले सो निर्णय भएको मितिले पैंतीस दिनभित्र पुनरावेदन अदालतमा पुनरावेदन दिन सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३९. प्रचलित कानून बमोजिम हुने : यस ऐनमा लेखिएको जतिमा यस ऐन बमोजिम र अरुमा प्रचलित कानून बमोजिम हुनेछ ।

४०. नियम बनाउने अधिकार : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न श्री ५ को सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

४१. विनियम बनाउने अधिकार : व्यवस्थापक संस्था र ट्रष्टीले आफ्नो दैनिक कार्य सञ्चालनको लागि यो ऐन र यस ऐन अन्तर्गत बनेका नियमहरुको अधीनमा रही आवश्यक विनियमहरु बनाउन सक्नेछन् ।

तर त्यस्तो विनियम लागू गर्नु अघि बोर्डको स्वीकृति लिनु पर्नेछ ।

लालमोहर संदर मिति:- २०५३।११।१५।४

आज्ञाले,
तीर्थमान शाक्य
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।